# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

## स्टेशनरी तथा अन्य सरसामानहरु खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना नं. ४

(प्रथम पटक प्रकाशित मिति २०६६।५। गते)

यस आयोगको लागि चालु आ.व. २०६६/६७ को निर्मित्त मसलन्द तथा अन्य सरसामानहरू आपूर्ति गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त मु.अ. कर दर्तावाला इच्छुक बोलपत्रदाताहरूबाट बोलपत्र आव्हान गरिएको छ ।

१. यो बोलपत्र प्रकाशित भएको मितिले ३० औं दिनसम्म उपरोक्त सामानहरु आपूर्ति सम्बन्धी बोलपत्र फाराम वापत नगदै रु. १०००।- (फिर्ता नहुने गरी) यस आयोगमा बुझाई अध्यावधिक नविकरण गरेको सामान आपूर्ति सम्बन्धी इजाजतपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, ०६५ आषाढ सम्म कर चुक्ता वा कर समायोजनको लागि पेश गरेको प्रमाण पत्रहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ पेश गरेपछि नियमानुसार उक्त बोलपत्र फाराम यस आयोग र जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट उपलब्ध गराइनेछ ।

२. बोलपत्र पुस्तिका हेर्न चाहेमा वा बोलपत्र सम्वन्धी थप जानकारी आवश्यक परेमा इच्छुक बोलपत्र दाताहरुले यस आयोगमा आई वा फोन नं.४४४०१५१, Email: akhtiyar@ntc.net.np वा फ्याक्स नं. ४४४०१२८ मा सम्पर्क गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्र फारामको महलहरू स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न र ३१ औं दिन दिनको १२:०० बजे भित्र यस आयोगमा आई बोलपत्र दर्ता गराउन सकिनेछ । यसरी दर्ता हुन आएका बोलपत्र फारामहरू सोही दिन दिनको २:०० बजे यस आयोगमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा प्रतिनिधिहरू उक्त दिन उपस्थित नभएमा पनि कार्यालय प्रतिनिधिहरूको रोहवरमा प्राप्त हुन आएका बोलपत्र खोलिनेछ ।

४. बोलपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित कागज पेश गर्नु पर्नेछ ।

५. बोलपत्र खरीदगर्न स्वयं बोलपत्रदाता उपस्थित हुन नसकेमा मन्जुरनामाबाट पनि खरीद गर्न सकिनेछ । तर त्यस्तो मन्जुरनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुनेछ ।

६. बोलपत्र फाराम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिनसम्म म्याद भएको मानिनेछ ।

७. दर्ता गर्न ल्याएको बोलपत्र खाममा आयोगलाई सम्बोधन गरी सोमा कामको विवरण र बोलपत्रदाताको नाम, ठेगाना तथा टेलीफोन नम्बर समेत प्रष्टसंग लेखी सिलबन्दी गरिएको हुनु पर्नेछ ।

८. बोलपत्रहरुको मान्यता अवधि खोलिने मितिबाट ९० दिन सम्म मान्य रहनेछ र बोलपत्र फाराम साथ जमानत वापत बोल अंक (मु.अ. कर समेत) को २.५ प्रतिशतले हुने रकम यस आयोगको नाउँमा ने.रा. बैंक थापाथली स्थित रहेको धरौटी हि.नं. १३१५८६।०६६ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस आयोगको नाउँमा सूचना आव्हान भएपछि जारी गरिएको कम्तिमा १२० दिन अवधिको विडवण्ड (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

९. बोलपत्रदाताहरूले आफूले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्रदाताले सम्झौताको लागि आवश्यक पर्ने ५ प्रतिशत जमानत वापतको रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा एक वर्ष एक महिना अवधिको परफरमेन्स वण्ड पेश गर्नु पर्नेछ ।

११. बोलपत्रदाताले B.O.Q. मा भरेको दररेट मूल्य अभिवृद्धि कर (VAT) बाहेकको हुनेछ र स्वीकृत दररेटमा मु.अ. कर नियमानुसार थप गरी भुक्तानी गरिनेछ । त्यस्तै बोलपत्रको ठेक्का अवधि भित्र नेपाल सरकारलाई तिर्नुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वयम्ले तिर्नु पर्नेछ ।

१२. बोलपत्रदाताले Bill of Quantity मा उल्लेखित सामानहरू तोकिएको गुणस्तर अनुरुप उपलब्ध गराउनु पर्नेछ र सामानहरू आपूर्ति गराउँदा उत्पादित समयावधि समेतलाई ध्यान दिनु अनिवार्य हुनेछ ।

१३. प्राप्त बोलपत्रहरू स्विकृत गर्ने, रद्द गर्ने, पुर्ण वा आंशिक रुपमा स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ । अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।